आज मिति २०८१ साल मंसिर महिनाको ०६ गते बिहीबारको दिन बिहानको ११:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.व.२०८१/०८२ को छैठौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिती

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २ | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५ | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिँह बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६ | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७ | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८ | कार्यपालिका सदस्य श्री ईश्वरी खत्री (कार्यवाहक वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९ | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १० | कार्यपालिका सदस्य श्री योस कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११ | कार्यपालिका सदस्य श्री सुमित्रा बिष्ट (के.सी.) (कार्यवाहक वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२ | कार्यपालिका सदस्य श्री ईश्वरी खत्री | सदस्य | |
| १३ | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४ | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५ | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६ | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८ | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९ | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री रोशन ज्ञवाली | सचिव | |

CamScanner

मिति २०८१/०८/०६ गते बिहीबार आ.ब.०८१/०८२ को नगर कार्यपालिकाको छैठौ कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१</td><td>मनमोहन स्मृति सामुदायिक अस्पताल नवीकरण सम्बन्धमा ।</td><td>दक्षिणकाली नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७ को दफा दफा ९ बमोजिम बमोजिम दक्षिणकाली-६ मा संचालित मनमोहन स्मृति सामुदायिक अस्पताल नवीकरणका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने ।</td></tr>
<tr><td>२</td><td>माटो व्यवस्थापन सम्बन्धमा</td><td>२०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाको कारण आएको बाढी, पहिरो तथा भू-क्षयबाट यस नगरपालिका क्षेत्रभित्रका सडकखण्डका विभिन्न स्थानमा जम्मा भएको माटो संङ्घीय तथा प्रदेश सरकारसँग समन्वयमा प्रचलित कानून बमोजिम वेचविखन गर्ने ।</td></tr>
<tr><td>३</td><td>राहत सम्बन्धमा</td><td>२०८१ असौज दोस्रो हप्ताको मनसुनजन्य विपदका कारण घाइते भएका नगरिकहरुलाई प्रहरी प्रतिवेदन, अस्पतालमा उपचार गरेको प्रमाण तथा सम्बन्धित वडाको सिफारिसमा जनहि १० हजारका दरले राहत रकम उपलब्ध गराउने ।.</td></tr>
<tr><td>४</td><td>बजेट व्यवस्थापन सम्बन्धमा</td><td>विपद्का कारण क्षति भएका सिंचाइ आयोजनाहरुका लागि देहाय बमोजिमको बजेट विपद् कोषबाट व्यवस्थापन गर्ने ।<br>• फाकु कुलो मर्मत - रु.२,००,०००।- (अक्षरुपी दुई लाख)<br>• क्वाकल मुल कुलो मर्मत - रु.२,००,०००।- (अक्षरुपी दुई लाख)<br>• पाखाचोकको पाको कुलो मर्मत - रु.२,००,०००।- (अक्षरुपी दुई लाख)<br>• कमलपोखरी खानेपानी मर्मत - रु.१,००,०००।- (अक्षरुपी एक लाख)<br>• बुकी कलो मर्मत - रु.२५,०००।- (अक्षरुपी पच्चिस हजार)<br>• नगरपालिका भवन जाने बाटोको कुलो मर्मत - रु.३२,२००।- (अक्षरुपी बत्तिस हजार दुई सय)</td></tr>
<tr><td>५</td><td>विद्यालयको भौतिक क्षति सम्बन्धमा</td><td>२०८१ असौज दोस्रो हप्ताको मनसुनजन्य विपदका कारण यस दक्षिणकाली नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा देहाय बमोजिमको भौतिक क्षतिको विवरण प्राप्त भयो । क्षतिग्रस्त विद्यालयहरुको पूनःनिर्माण तथा पूनर्लाभका लागि संघीय र प्रदेश सरकार सम्बन्धित निकायमा अनुरोध गर्ने ।<br><br><table><tr><th>सि.न</th><th>विद्यालयको नाम</th><th>क्षति भएको विवरण</th></tr><tr><td>१</td><td>श्री बालसुधार आधारभूत विद्यालय</td><td>• दुई तल्ले पक्कि भवनको भान्छा कोठाको वाल भत्किएर भाँडाकुँडा तथा फर्निचरको क्षति<br>• कक्षा नर्सरी, के.जी, १ र २ को कक्षा कोठाको कार्पेट तथा स्टेशनरीको क्षति<br>• अफिस कोठाको फर्निचर तथा कार्पेटको क्षति<br>• विद्यालय पर्खालको क्षति र रातो स्टीकर लगाएको आठकोठे भवन पूर्णरूपमा क्षति</td></tr><tr><td>२</td><td>श्री कालीदेवी माध्यमिक विद्यालय</td><td>• किचन सामाग्री फर्निचर, कार्पेट, मन्टेश्वरी सामाग्री तथा खानेपानी खानेपानी संरचनामा</td></tr></table></td></tr>
</table>

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | क्षति |
| | | ३ | श्री गणेश आधारभूत विद्यालय | • विद्यालय छेउमा पहिरो गएको<br>• भविष्यमा पनि पहिरो जान सक्न भएको हुदाँ वाल लगाउन अनुमानित लागत |
| | | ४ | श्री कामधेनु माध्यमिक विद्यालय | • विद्यालयमा क्षति भएको |
| | | ५ | श्रीकृष्ण माध्यमिक विद्यालय | • RCC ढलान भएको २ कोठे शौचालय<br>• २ वटा पक्कि कक्षा कोठा<br>• ECD तथा मन्टेश्वरीका सामाग्रीहरू तथा कार्पेटहरू<br>• विद्यालय खेलौना तथा पानी निकास ढल वा हिम पाईप |
| | | ६ | श्री खोकना जन माध्यमिक विद्यालय | • बाढी पसेर विद्यालयको शौचालय परिएर सेफ्टी टयांकी सम्मको निकास पूर्ण रूपमा वन्द भएको<br>• विद्यालयको पर्खाल भत्किएको |
| | | ७ | श्री इन्द्रायणी आधारभूत विद्यालय | • कम्पाउन्ड कटान भएको |
| | | ८ | श्री चम्पादेवी माध्यमिक विद्यालय | • विद्यालय घेरावार आशिंक भत्केको |
| | | ९ | श्री सेतीदेवी माध्यमिक विद्यालय,हुडुँ | • विद्यालय भवन वरपर पहिरो गएको |
| | | १० | श्री मनकामना आधारभूत विद्यालय | • नयाँ भवनको पछाडि पट्टी भत्किएर जमिन क्षति भएको |
| ६ | रकम निकासा सम्बन्धमा | यस दक्षिणकाली नगरपालिका वडा नं ६ को गत आ.व २०८०/०८१ को नगरस्तरीय योजना हजाननी बलामी कुलदेवता मन्दिर निर्माण तथा संरक्षणको कार्यका लागी बजेट निकासा दामोदर बलामीका नाममा निकासा गराउने भन्ने निर्णय भएकोमा सो बमोजिम कार्य सम्पन्न भैसकेकोमा निज दामोदर बलामीको मिति २०८१/०४/३० गते मृत्यु भएकोमा निजको नाममा निकासा हुने बजेट निजको श्रीमती मन्दिरा बलामीको नाममा निकासा दिने । | | |
| ७ | सहकारी विनियम स्वीकृति सम्बन्धमा | दक्षिणकाली नगरपालिका वडा नं ९ को टल्कु बचत तथा ऋण सहकारी संस्थाको पूनर्लेखित विनियम स्वीकृत गर्ने । | | |
| ८ | IEE प्रतिवेदन तयार सम्बन्धमा । | क) दक्षिणकाली नगरपालिका वडा नं.१ स्थित बोसन जाने बाटो सम्याउन (निगाले रेष्टुरेन्ट अगाडिको क्षेत्रमा) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयार गर्ने ।<br>ख) फुल्चोक खोला र दक्षिणकाली खोलाको माटो, ग्राभेल र ढुङ्गा निकाल्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयार गर्ने । | | |

| | | |
|---|---|---|
| ९ | विविध | क) दक्षिणकाली वडा नं. ६, पञ्चलगणेशमा रहेको श्री सिद्धि गणेश इन्टरप्राइजेजलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र अनुमति प्रदान गर्ने ।<br>ख) आ.व.२०८१/०८२ मा सडक बोर्ड नेपालबाट दक्षिणकाली नगरपालिकामा देहाय बमोजिमको योजना सडक बोर्ड नेपालबाट ७०% र यस नगरपालिकाबाट ३०% साझेदारीमा योजना सञ्चालन गर्नको लागि पत्राचार गर्ने ।<br>१. दांतेपहरा छिनघरीटोल हुंदै चम्पादेबी मन्दिर जाने बाटो स्तरोन्नती, वडा नं १<br>२. खार्पा भाङखोरे टोल जाने बाटो स्तरोन्नती, वडा नं ९<br>ग) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमका लागि श्रीकृष्ण कृषि सहकारी संस्था लि., द.न.पा.-३, सोखेल, काठमाडौलाई भैसी पालनका लागि छनौट गर्ने र सो को लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरलाई यस नगरपालिकाबाट २०% लागत साझेदारी प्रतिवद्धता गर्ने भनि पत्राचार गर्ने ।<br>घ) दरबन्दी मिलानको क्रममा पूल दरबन्दीमा रहेका र जागिरको अवधि १ वर्षभन्दा बढी अवधि बाँकी रहेकाहरुले सेवाबाट स्वेच्छिक अवकाश लिन चाहेमा प्रति व्यक्ति रु.८०,०००।-(असी हजार) प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।<br>ङ) आ.व.२०७९/०८० को दिवा खाजा वापतको विद्यालयलाई दिनु पर्ने बक्यौता रहेको रकम रु.२१,५१,१९८।- (अक्षरेपी एक्काइस लाख एकाउन्न हजार एक सय अन्ठानब्बे) भुक्तानी गर्ने र सो रकमको स्वीकृतीका लागि आगामी नगर सभामा पेश गर्ने । |

CamScanner